आज मिति २०८१/०८/०४ गते यस बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर शाही ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | ~~भुपाल मन मगर~~ रघुवीर[illegible] थारु | का.मु. वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| १७ | विश्वराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| १८ | तप्सराज आचार्य | अधिकृत | |
| १९ | | | |
| २० | | | |

तपसिल

| क.सं. | ऐन, नियम, कार्यविधि तथा प्रतिवेदनको विवरण | कैफियत |
|---|---|---|
| १. | बैजनाथ गाउँपालिकाको शिक्षा नियमावली, २०८१ | |
| २. | बैजनाथ गाउँपालिकाको शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८१ | |
| ३. | संघीय अनुदानमा शिक्षक छनौट कार्यविधि, २०८१ | |
| ४. | सामुदायिक विद्यालय अनुगमन प्रतिवेदन, २०८१ | |

१०.प्रस्ताव नं ११ माथि छलफल गर्दा तपसिल अनुसारका संघ संस्था/ व्यक्तिले आर्थिक सहयोग माग गरेको हुनाले उल्लेखित संस्था/ व्यक्तिलाई देहायको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहयोग माग गर्ने संस्था/ व्यक्ति | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | मान बहादुर रोकाय, बैजनाथ-२, बाँके | रु.१७,०००।- | वैकुण्ठधाम आध्यात्मिक महोत्सव, मयूर नाँच झाँकीमा सहभागी हुदाको व्यवस्थापन खर्च |
| २. | न्युजर्नी युवा क्लव, खेलकुद व्यवस्थापन खर्च | रु.१,०५,०००।- | खेलकुद विकास समितिको बजेट मध्यबाट |
| ३. | रास्ट्रिय थारु कलाकार मंच | रु.३५,१००।- | |
| ४. | भेष बहादुर के.सी., बैजनाथ-१, बाँके | रु.१०,०००।- | |
| ५. | अस्थायी प्रहरी बिट, न्यू सिटि | रु.६,०००।- | इन्टरनेट नविकरण |
| ६. | नागरिक उन्मुक्ति पार्टी, जिल्ला कार्यसमिति बाँके | रु.१०,०००।- | |
| ७. | शिवालय युवा क्लब, बैजनाथ-५, बाँके | रु.१०,०००।- | |
| ८. | नेपाल इन्जिनियर्स एशोसियसन, लुम्बिनी प्रदेश | रु.१५,०००।- | |
| ९. | नेपाल किसान महासंघ, जिल्ला कार्यसमिति, बाँके | रु.१०,०००।- | |
| १०. | भिखुनी थारु, बैजनाथ-२, बाँके | रु. २०,०००।- | निजको श्रीमान माटोले पुरिएर विपदका कारणले मृत्यु भएको |
| ११. | न्यु नलेज सपोर्ट क्लव, बैजनाथ-८, बाँके | रु.१०,०००।- | |
| १२. | क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल | रु.१०,०००।- | |
| १३. | खजुरा मिनीपार्क एण्ड रिसोर्ट प्रा.लि, खजुरा-४, बाँके | रु.७,५६५।- | अतिथि सत्कार |

११.प्रस्ताव नं ११ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत उपाध्यक्षसंग नवप्रबर्द्धन कार्यक्रम अन्तर्गत युवा लक्षित आयआर्जनमूलक शीप प्रबर्द्धन कार्यक्रमको लागि १० लाख बजेट बिनियोजन भएकोमा हिउँदे गाउँसभाबाट अनुमोदन हुने गरी सो बजेटबाट देहाय अनुसार संशोधन/ बिनियोजन गर्ने र आवश्यक प्रक्रिया पुरा गरी कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | संशोधन गर्नुपर्ने कार्यक्रम/ क्रियाकलाप | बिनियोजित बजेट | संशोधन हुने कार्यक्रम/ क्रियाकलाप | बिनियोजन गर्ने बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपाध्यक्षसंग नवप्रबर्द्धन कार्यक्रम अन्तर्गत युवा लक्षित आयआर्जनमूलक शीप प्रबर्द्धन | १०००००० | महिलाहरुको आङखस्ने समस्या र पाठेघरको मुखको क्यान्सर तथा उपचार सम्बन्धि निःशुल्क शिविर संचालन | ६००००० | |
| २ | | | किशोर-किशोरीमा लागूऔषध न्यूनीकरणका लागि उपध्यक्षसंग किशोर-किशोरी कार्यक्रम | २००००० | |
| ३ | | | महिलाहरुको क्षमता बिकासका लागि अन्तरक्रिया कार्यक्रम | २००००० | |
| जम्मा | | १०००००० | | १०००००० | |

१२.प्रस्ताव नं १३ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत संघ, प्रदेश र गा.पा.को स्रोतबाट विभिन्न मितिमा ठेक्का आहान भई संचालन भएका देहायका योजनाहरुको बाँकी रहेको बजेटबाट सोहि योजनाको थप कार्य गर्ने गरी आवश्यकता अनुसार निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क.सं. | ठेक्का न. योजनाको नाम | यथार्थ रकम | ठेक्का स्वीकृत रकम | बजेट स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | BRM/NCB/WORKS/1-2081/082-Construction of Blacktopped Road From Ranta Rajmarg Dekhi Janajagaran Aa.vi Jane Bato Baijanath-01,Rata rajmarg Dekhi Dahit Aa.vi Jodne Baijanath-01 ,BhagiRam Tharu ko Ghar dekhi Naulapur Gau Hudai Shiva Mandir Samma Baijanath-04 and New City Najar dekhi Machergau Jane Bato Baijanath-05,Banke Road Work | 9500000 | 4669602 | गा.पा. | |
| २ | BRM/NCB/WORKS/02/2081/082-Construction Of Hot Mix Asphalt Concrete(HMAC) Road From Bankhet Mansakhu Tharu ko Ghar Hudai Chetriya Karagar Jodne Bato,Baijanath-03,Bankhet Banke | 14000000 | 8961498 | प्रदेश,गा.पा | |
| ३ | BRM/NCB/WORKS/03/2081/082-Construction of Blacktopped Road From Baijanath-04 Dhakal Chowk hudai Kohalpur -02 KrishnaNagar ,Simal Tole Trivini Siddharth Tole Samma Baijanath-04, Road Work | 3000000 | 2069336 | प्रदेश | |
| ४ | BRM/NCB/WORKS/04/2081/082-Construction Of Hot Mix Asphalt Concrete(HMAC) Road From Gadarahi 1 no Chowk dekhi Rampur Palika Hudai Gunapur Samma (Parts 4th),Baijanath-05 and 02,Banke | 4000000 | 3089377 | तराई मधेष सम्वृद्धि ,गा.पा. | |
| ५ | BRM/NCB/WORKS/05/2081/082-Construction Of Rcc Drain works From PuspaNagar bichLine Dekhi ShaktiNagar Pani tank Jodne Bato Baijanath-08,Construction of Rcc Drain Work and Road Upgrading Work From Gadarahi 2 no Chowk Dekhi 28 ghar Hudai Lalpur khel Maidan Jodne bato baijnath-06and Road upgrading Work from Phattapur Puranogau Uttar Hudai Dachin Bishambar tharu Ko ghar Samma ,Baijanath-08,Banke | 7000000 | 4477832 | प्रदेश | |
| ६ | BRM/NCB/WORKS/06/2081/082-Construction of Shankar Ma.Vi Krishi Campus Administrative Building And Boundary wall Baijanath-08,Thapuwa,Banke | 20000000 | 14377952 | संघ | |

१३.प्रस्ताव नं १३ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत कृषि र पशु शाखा तर्फको अनुदान कार्यक्रमहरु तथा किसानसंग पालिका प्रमुख कार्यक्रम अन्तर्गतको कृषि तथा पशु तर्फको अनुदान कार्यक्रमहरु संचालन गर्दा तोकिएको प्रक्रिया पुरा गरी छनोट भएका न्युनस्तरका किसान तथा ब्यबसायिक किसानलाई प्रदान गरिने १ (एक) लाख भन्दा कमका सामग्री/अनुदानमा किसान स्वयम् ले व्यहोर्नुपर्ने अनुदान रकम आफुलाई पायक वा सजिलो हुने पर्ने स्थान/ आपूर्तिकर्तासंग तोकिएको सामग्री आफै खरिद गरी सोको बिल भरपाई लगायतका आवश्यक कागजात यस कार्यालयमा पेश गर्ने गरी अनुदानको कार्यक्रम संचालन गर्ने जसले किसानलाई वातावरण अनुकुल र समयमै सामग्री उपलब्धता हुने हुँदा यो निर्णय पारित गरियो ।

१४.प्रस्ताव नं १४ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत चालु आ.व.मा संचालन हुने भौतिक पूर्वाधार तर्फका योजनाहरु संचालन गर्न गठित उपभोक्ता समितिहरुलाई योजना संचालन प्रक्रिया तथा अन्य योजनासंग सम्बन्धित जानकारी सहितको तालिम कार्यक्रम यही मिति २०८१/०८/०७ गते देखि कार्यालय समयमा बाधा नपर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिका स्तरीय खेलकुद विकास संचालन कार्यविधि, २०७७ को अधिकार प्रयोग गरी बैजनाथ-७, बाँकि निवासी श्री लाल बहादुर थारुलाई मिति २०८१/०७/०५ गतेको अध्यक्षस्तरीय निर्णयानुसार खेलकुद विकास समितिको संयोजकमा मनोनित गरिएकोमा सो मनोनयनलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै बैजनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत युवा तथा खेलकुद सम्बन्धि कार्यक्रम संचालन गर्ने कार्यको लागि १५ लाख बजेट बिनियोजन भएकोमा देहाय अनुसार हुने गरी कार्यक्रम स्वीकृति गर्ने निर्णय गरियो ।

तपसिल

| क्र स | विवरण | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय संचालन तथा व्यवस्थापन | १००००० | |
| २ | खेलकुद विकास समिति संयोजकको सेवा सुविधा | १४०००० | |
| ३ | समितिका पदाधिकारीहरुलाई खाजा तथा यातायात | २००००० | |
| ४ | दर्ता तथा सुचिकृत क्लवलाई आर्थिक सहयोग | २५०००० | |
| ५ | आवश्यकता अनुसार खेलकुद सामग्री वितरण | २६०००० | |
| ६ | सामुदायिक विद्यालयका खेल शिक्षकहरुलाइ तालिम | १००००० | |
| ७ | पालिका स्तरीय फुटवल प्रतियोगिता संचालन | ३००००० | |
| ८ | जिल्ला स्तरीय खेलकुद प्रतियोगिता | १५०००० | |
| | जम्मा | १५००००० | |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका वा अन्तर्गत करार सेवामा विभिन्न पदमा कार्यरत कर्मचारीहरुको मायाद मिति २०८१ असोज मसान्त सम्म रहेको तथा निजहरुले यस आ.व. को बाँकि समयमा समेत काम गर्ने इच्छा सहित करार सम्झौताको म्याद थपका लागि निबेदन पेश गरेको हुनाले बैजनाथ गाउँपालिका अन्तर्गतका करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मिति २०८१ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकामा दैनिक ज्यालादारीमा इलेक्ट्रीसियन पदमा कार्यरत श्री बिनोद हमालले चालु आ.व. २०८१/०८२ को श्रावण महिना देखि असोज सम्म दैनिक ज्यालादारीमा कामकाज गरे बापतको रु. ६३,६२६।- (५८ दिन- दैनिक रु.१०९७ का दरले ) ज्याला भुक्तानी गर्ने निर्णय गरियो । साथै भविष्यमा कामकाजमा खटिने जुनसुकै प्राविधिक/ इलेक्ट्रीसियनको हाजिरी भएको दिनको हाजिरी विवरण र कामको विवरणको आधारमा मात्र भुक्तानी दिने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका वडा नं ६ को लालपुर स्थित लालपुर खेल मैदानमा निर्माण हुने लालपुर खेलग्रामको तयार डी.पी.आर. अनुसार पहिलो चरणमा फुटबल कोर्ट तथा सोसंग सम्बन्धित संरचना तयार भएको डी.पी.आर. अनुसार निर्माण प्रक्रिया अघि बढाई दिनुहुन सामाजिक विकास डिभिजन कार्यालय, नेपालगंजलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको शिक्षा/ शाखा तर्फ देहायका ऐन, नियम, कार्यविधि तथा प्रतिबेदन स्वीकृतिका लागि गाउँ शिक्षा समितिबाट सिफारिस भई आएको हुँदा उल्लेखित नियमावली, कार्यविधि तथा प्रतिबेदन बिधायन समिति र सम्बन्धित सरोकारवाला पक्ष, सम्बन्धित बिषय बिज्ञ बिचको छलफल पश्चात प्राप्त राय/ प्रतिबेदनको आधारमा स्वीकृतिको लागि कार्यपालिकामा ल्याउने निर्णय गरियो ।

| क्र.सं. | संशोधन गर्नुपर्ने कार्यक्रम/ क्रियाकलाप | विनियोजित बजेट | संशोधन हुने कार्यक्रम/ क्रियाकलाप | विनियोजन गर्ने बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिजय जात गहुको बिउ ५० प्रतिशत अनुदानमा बितरण कार्यक्रम (मूल / उन्नत बिउ) | १०००००० | बिजय जात गहुको बिउ ५० प्रतिशत अनुदानमा बितरण कार्यक्रम (वडा १-४ सम्म) | ५००००० | |
| | | | बिजय जात गहुको बिउ ५० प्रतिशत अनुदानमा बितरण कार्यक्रम(वडा ५-८ सम्म) | ५००००० | |

२०.प्रस्ताव नं २० माथि छलफल गर्दा बैजनाथ-७, स्थित गणेश मन्दिरमा गणेश पुराण महोत्सव-२०८१ संचालन गरिने हुँदा उक्त धार्मिक महोत्सब संचालन एवम् ब्यबस्थापनका लागि मुक्तेश्वर महादेव शिव शक्ति पिठ मन्दिर व्यबस्थापन समितिले आर्थिक सहयोग माग गरेको हुँदा उक्त ब्यबस्थापनका लागि रु. २५,०००|- (पच्चीस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२१.प्रस्ताव नं २१ माथि छलफल गर्दा सडक बोर्ड नेपालको प.सं. २०८१-०८२ च.नं. ४३९ मिति २०८१/०६/१३ गतेको पत्रानुसार चालु आ.व. २०८१/०८२ का लागि स्थानीय सडक मर्मत सम्भार कार्यको लागि बैजनाथ गाउँपालिकाको लागि १९ (उन्नाइस) लाख बजेट स्वीकृत भएकोमा बैजनाथ गाउँपालिका वडा नं १ स्थित बैजनाथ गाउँपालिका वडा नं १, बाँके र बाँसगढी नगरपालिका वडा नं २ , बर्दिया जोड्ने जनजागरण आ.वि. देखिको सडक खण्ड मर्मत सम्भार तथा ग्राभेलका लागि यस कार्यालयले व्यहोर्नु पर्ने ३०% ले हुन आउने रु. ५,७०,०००|- ( पाँच लाख सत्तरी हजार) रकमको प्रतिबद्धता सहित योजना स्वीकृतिको लागि श्री सडक बोर्ड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

२२.प्रस्ताव नं २१ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका ४ नं वडा कार्यालयको च.नं. ५९८ मिति २०८१/०६/१४ गतेको पत्रको व्यहोरा अनुसार बनियाभार बजार क्षेत्रमा गाउँपालिकाको सहयोगमा CCTV संचालनमा रहेकोमा उक्त CCTV तथा सोसंग सम्बन्धित उपकरणहरु बिग्रन गई पुनः मर्मत गरी संचालन भएको हुँदा सोको खर्च भुक्तानीको लागि सिफारिस आएकोमा सोको खर्च भएको रकम रु.२०,८००|-भुक्तानी गर्ने निर्णय गरियो ।

२३.प्रस्ताव नं २१ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं १ निवासी हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत अमृत साइन्स क्याम्पस, ठमेलमा B.Sc. Science (Physics) अध्ययन गरी रहेका जगदीश शाहीले फोक्सो तथा स्तन क्यान्सरमा प्रयोग हुने उपचार बिधि/ औषधि Repotrectinib मा Molecular level को अध्ययन अनुशन्धान कार्य गरिरहेको र सोको लागि आवश्यक सामग्री, उपकरण तथा अन्य ब्यबस्थापन खर्चका लागि आर्थिक सहयोग माग भएको हुँदा उक्त शोध/ अनुसन्धान कार्यका लागि दृस्टीबिहिन लाई छात्रवृति तथा स्थानीय सोध तथा अनुसन्धान कर्तालाई सहायता बजेट शिर्षकबाट रकम रु. १(एक) लाख आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२४.प्रस्ताव नं २१ माथि छलफक गर्दा बैजनाथ गाउँपालिका ६ नं वडा कार्यालयको प.सं. २०८१/०८२ च.नं. ११५७ मिति २०८१/०७/०४ गतेको पत्रको व्यहोरा बमोजिम एच. गाउँ स्थित ॐ कारेश्वर र अन्नपुर्णा देवी भगवती बागेश्वरी मन्दिर श्री शिव मन्दिर साविक बनकटवा-५, सिट नं ०३५/०९६७ कित्ता नं ७२ ज.वि. ०३०६५ क्षेत्रफल भएको जग्गामा बि.सं. २०२७ साल देखि मन्दिर स्थापना भई सो जग्गा मन्दिरले भोगचलन गर्दै आएको र हाल उक्त जग्गा मन्दिरको नाममा नै दर्ता / भोगाधिकार प्रासिका लागि सिफारिस माग भई आएकोमा सोहि अनुसार हुने गरी सम्बन्धित निकायमा सिफारिस/ अनुरोध गर्ने निर्णय गरियो ।

२५.प्रस्ताव नं २१ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका वडा नं ३ स्थित देउराली मध्यवर्ती सामुदायिक वन क्षेत्रमा पर्ने कन्नवा ताल निकट भविष्यमा पर्यापर्यटनको ठुलो सम्भावना बोकेको स्थान भएको हुँदा यस गाउँपालिकाबाट

तयार भएको डी.पी.आर. अनुसार सो ताल क्षेत्रमा विभिन्न संरचना निर्माणकार्य गर्न आवश्यक बजेटको व्यवस्थाका लागि वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौंसंग अनुरोध गर्ने र आवश्यक संरचना निर्माणका लागि श्री बाँके राष्ट्रिय निकुन्जसंग सहमति माग गर्ने निर्णय गरियो ।

२६.प्रस्ताव नं २१ माथि छलफल गर्दा बैजनाथ गाउँपालिकाको प्रवेशद्वार निर्माण स्थल गडरही चोकमा प्रवेशद्वार निर्माण गर्दा उक्त स्थानमा रहेको ३-फेज बिद्युत पोल सार्नु पर्ने भएको हुँदा बिद्युत प्राधिकरण कोहलपुर वितरण शाखाबाट भएको लागत स्टिमेट अनुसार तपसिलको खर्च शिर्षकबाट भएको आवश्यक खर्च रकम रु. ४१,६३५।- अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | विनियोजित कार्यक्रम/ कियाकलाप | विनियोजित बजेट | खर्च भएको क्रियाकलाप | आवश्यक रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय, मठमन्दिर लगायतका सार्वजनिक स्थानमा धारा जडान | २०,००,०००.०० | बिद्युत पोल सार्ने कार्य | ४१,६३५ | |

२७.प्रस्ताव नं २१ माथि छलफल गर्दा नेपाल सरकारले उपलब्ध गराउदै आएको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने प्रयोजनार्थ सम्बन्धित रोगि/ बिरामी बिपन्न भए/ नभएको पहिचान प्रमाणपत्र उपलब्ध गराउन देहायको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क. भुमिसरा राना — संयोजक

ख. सम्बन्धित वडाका वडा अध्यक्ष — सदस्य

ग. स्वास्थ्य शाखा प्रमुख — सदस्य-सचिव